# सुन्दरबजार नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### सुन्दरबजार, लमजुङ
### गण्डकी, नेपाल

## पशु सेवा प्राविधिक (जे.टि.ए.) को सेवा करार मा लिने सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६।०६।३०)

यस नगरपालिकाको बार्षिक कार्यक्रम अनुसार बढिमा २०७७ असार मसान्त सम्मको लागि वा स्थायी पद पूर्ति नहुदासम्मका लागि पशु सेवा प्राविधिक (जे.टि.ए.) सेवा करारमा लिनुपर्ने भएकोले यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस नगरपालिकामा दरखास्त पेश गर्न सुचित गरिन्छ।

**तपसिल**

१. पद: पशु सेवा प्राविधिक (जे.टि.ए.)

२. तह: सहायक चौथो

३. आवश्यक संख्या: १ (एक)

४. उमेर: दरखास्त पेश गर्ने म्यादको अन्तिम दिनमा १८ बर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको) हुनु पर्नेछ।

५. न्यूनतम शैक्षिक योग्यता: जे.टि.ए. पशु विज्ञान कोर्ष पुरा भएको हुनु पर्नेछ। (पशुमा कृतिम गर्भाधान गर्न सक्ने एवम् अनुभव भएकोलाई विशेष ग्राह्यता दिईनेछ।

६. तलव तथा सुविधा (मासिक) :- रू २२१७०।००

७. गर्नुपर्ने कामको विवरण: सेवा समुह सम्वन्धि।

८. छनौटको किसिम :

क) संक्षिप्त सुचि प्रकाशन

ख) अन्तरवार्ता

ग) संक्षिप्त सुचीमा छनोट हुने उम्मेदवारलाई मात्र अन्तरवार्तामा सहभागी गराईने छ।

घ) संक्षिप्त सूची प्रकाशन गर्दा निम्न आधार लिइनेछ।

- न्यूनतम शैक्षिक योग्यताको प्राप्त श्रेणी।
- माथील्लो शैक्षिक योग्यता (जे.टी.), वा सो सैरह उतिर्ण को श्रेणी।
- कम्प्युटर तालिमको (सीप) प्रमाणपत्र।
- कार्य अनुभव भएमा सो को पत्रको आधारमा ।

९. अनुभव :- सम्बन्धित काममा अनुभव भएकोले सोको कागजात पेश गर्नुपर्नेछ।

१०. दस्तुर :- रू ३००।-

११. दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरु :-

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

ख. न्यूनतम शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्र र लब्धाङपत्र अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

ग. माथिल्लो शैक्षिक योग्यता हुने हरूले शैक्षिक योग्यता/ चारित्रिक प्रमाणपत्र तथा लब्धाङ्क प्रमाणपत्रहरुको प्रतिलिपिहरू पेश गर्नु पर्नेछ।

घ. नगरपालिकाले उपलब्ध गराएको दरखास्त फारम।

ङ. कम्प्युटर सम्वन्धी ज्ञान र सिप भएमा सो को प्रमाणपत्रको प्रतिलिपि।

१२. अन्य :- नेपालको प्रचलित कानून बमोजिम सरकारी सेवाको लागि अयोग्य नभएको।

१३. सम्पर्क मिति :- दरखास्त पेश गर्ने अन्तिम मितिको भोलिपल्ट ।

प्रमुख प्रशासकीय अधिकृत
सुन्दरबजार नगरपालिका

तेजराज शर्मा
प्रमुख प्रशासकीय अ